# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

सुरी,दोलखा । Suri, Dolakha

बागमती प्रदेश,नेपाल, Bagmati Province, Nepal

पत्र संख्या / Ref. no : ०८१।८२

च.न. / Dispatch No : १२५४

मिति : २०८२।०२।१८

---

श्री सम्पूर्ण सरोकारवालाहरु,

**विषय : दलित समुदाय प्रतिभा प्रस्फुटन कार्यक्रम सम्बन्धमा**

उपरोक्त सम्बन्धमा छुवाछुत मुक्त राष्ट्र घोषणा भएको जेठ २१ लाई हरेक वर्ष मनाईदै आएको जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस को अवसरमा गौरीशंकर गाउँपालिका द्धारा जातिय विभेद तथा छुवाछुत,यसका असर र प्रभाव लगायतका विषयहरुमा सम्वन्धित रहेर प्रतिभा प्रस्फुटन कार्यक्रम राखिएको हुदाँ सम्बन्धित सबैमा सहभागिता तथा नाम दर्ताको लागी यस सूचना प्रकाशन गरिएको छ

**<u>सहभागीको जानकारीका लागी :</u>**

१. कार्यक्रमको आयोजना मिति २०८२।०२।२१ गते समय बिहान ११ वजे गाउँपालिका सभाहलमा हुनेछ।

२. सहभागी एकल वा समुहमा प्रस्तुती दिन सक्नेछन ।सहभागी दलित समुदायको तथा अन्य समुदायको पनि हुन पाउनेछन । दलित समुदायका विध्यार्थी भाई बहिनीहरु, महिला समुह तथा क्लबहरु एवं सामाजिक अभियन्ताहरुलाई सहभागिताको लागी प्रोत्साहन गरिन्छ ।प्रस्तुतीका लागी नाम दर्ता मिती २०८२।०२।२० गते सम्ममा महिला शाखामा गर्नुपर्नेछ। सम्पर्क नं : ९८४४०९१२३१

३. सहभागीले जातिय विभेद, छुवाछुत,यस का असर,जातिय विभेद उन्मुलनका लागी चाल्नु पर्ने प्रयास लगायतका विषयहरुमा केन्द्रित रहेर लोक गित, नाच,कविता,प्रवचन,हास्य प्रस्तुती वा नाटक तया अन्य विभिन्न किसिमका प्रस्तुती दिन सक्नेछन ।

४. प्रस्तुतीको समय ४ मिनेटको रहनेछ ।सहभागीहरुलाई आवश्यक पर्ने संगित ट्र्याक वा अन्य कुराको व्यवस्थाको बारेमा अग्रिम जानकारी दिनुपर्नेछ ।

५. उत्कृष्ट तिन प्रस्तुतीलाई प्रथम द्धितीय तथा तृतीय घोषणा गरी जनही रु २५ हजार, १५ हजार तथा १० हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

**रिजेश उपरकोटी**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner